आज मिति २०७३ जेठ ६ गते बिहीबार विहान ११:०० बजे नि. कार्यकारी अधिकृत श्री गणेश नेपालीज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका कार्य संचालन समिति (बोर्ड बैठक) को बैठक भनपा वडा नं. १० स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

**उपस्थिति**

१. नि. कार्यकारी अधिकृत गणेश नेपाली अध्यक्ष

**आमन्त्रितहरुः**

१. अध्यक्ष श्री गौतम प्रसाद लासिवा कर्मचारी एशोसिएसन

२. आ.ई. रामगोविन्द श्रेष्ठ

३. आ.ई. दिलभक्त जयना

४. का.अ. गणेशलाल फोजू

५. जि.अ. रेभिड कुस्मा

६. क.अ. प्रभास कुमार चालिसे

७. पु.अ. भुपाल मूल

८. इ. ओमहरि था

९. शा.अ. अम्बिका धौभडेल

१०. शा.अ. रत्नमाया बाला श्रेष्ठ

११. शा.अ. दिलिपकुमार सुवाल

१२. ई. हरिबहादुर सुवाल

१३. शा.अ. दामोदर सुवाल

१४. आलेप विनोद आगन्जा

१५. प्रे.अ. काशिलाल प्रजापति

**विषयहरु :-**

१. KFW को सम्झौता बारे ।

२. चीनको सानान प्रिफेक्चरसँग औपचारिक रुपमा भगिनी समबन्धको सम्झौतामा हस्ताक्षर गर्न जानेबारे ।

३. भुक्तानी बारे ।

**निर्णयहरु :**

१. २०७२ बैशाख १२, १३ र २९ गतेको विनासकारी भूकम्पबाट क्षति भएको भक्तपुर नगरको सम्पदाहरु, विद्यालयहरु, बाटो ढुंगा छपाई लगायतको पुन: निर्माण तथा मर्मत गर्न जर्मन सरकारको KFW मार्फत एक करोड युरो प्राप्त गरी कार्य गर्न २८ डिसेम्बर २०१५ मा नेपाल सरकारबाट सम्झौता भई उक्त सम्झौता अनुसार भक्तपुर नगरपालिका र KFW बीच मिति २०७३।२।३ गते सम्झौता भएको अनुमोदन गर्ने निर्णय गरियो । उक्त सम्झौता अनुसार परियोजना संचालन गर्न परियोजना कार्यान्वयन इकाई स्थापना गर्न टिम लिडरको लागि एक जना वरिष्ठ सिभिल इन्जिनियर खाईपाई आएको सुविधामा नघट्ने गरी काजमा खटाई दिन ख्वप इन्जिनियरिङ्ग कलेजमा अनुरोध गर्ने निर्णय गरियो ।

२. यस न.पा.को मिति २०७१।८।१७ गतेको बोर्ड बैठकबाट जन गणतन्त्र चीनको तिब्बत स्वशासित क्षेत्रको सान्नान प्रिफेक्चर (Shaanan Prefecture) संग भगिनी सम्बन्ध राख्ने निर्णय भई मिति २०७२।७।१७ गते यस न.पा.को च.नं. १३७५ मिति २०७२।७।१६ गते सम्झौताको लागि पत्राचार गरिएकोमा April 28, 2016 मा Embassy of the People's Republic of China को प्राप्त पत्रानुसार औपचारिक रुपमा भगिनी सम्बन्धमा सम्झौता गर्न मिति २०७३।४।२९ गतेदेखि २०७३।५।२ गतेसम्म (Aug 13 to 18, 2016) सम्मको लागि आमन्त्रण गरेकोले यस न.पा.बाट सान्नान प्रिफेक्चर (Shaanan Prefecture) संग भगिनी सम्बन्ध स्थापनाको लागि अनुभव, विचार, आपसी सहयोग आदान-प्रदान गर्न र हस्ताक्षर गर्न यस न.पा.का नि. कार्यकारी अधिकृत नेतृत्वमा देहाए बमोजिमका प्रतिनिधि मण्डललाई

मिति २०७३।४।२९ गतेदेखि २०७३।५।२ गतेसम्म सहभागिताको लागि पठाउने निर्णय गरियो । साथै प्रतिनिधि मण्डलको आवश्यक खर्च यस न.पा.बाट व्यहोर्ने समेत निर्णय गरियो :

<u>तपसिल</u>

१. नि. कार्यकारी अधिकृत श्री गणेश नेपाली

३. अध्यक्ष श्री गौत्तम प्रसाद लासिवा, ने.क.ऐ.इ.स.भ.पु.

३. जि. अ. श्री रेभिड कुस्मा

४. क. अ. श्री प्रभाष कुमार चालिसे

५. इन्जिनियर श्री ओमहरि था

६. शा.अ. श्री दामोदर सुवाल

७. डा. रत्न सुन्दर लासिवा

८. सा.स. किशोर सुवाल, भक्तपुर मासिक पत्रिका

३. यश कार्यालयको लागि आवश्यक २०७३ सालको क्यालेण्डर २००० प्रति छपाई कर्मचारी एशोसियसन मार्फत गर्न प्रेस एकाईबाट १५० ग्रामको ४.५ रिम कागज खर्च भएको अनुमोदन गर्नुको साथै छपाई ज्याला डिजिटल प्रिन्टलिंकलाई रु.३३,०००।- (रु. तेत्तिस हजार) भुक्तानी दिने निर्णय गरियो ।